# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना

विक्रम संवत २०७९ मा झुण्डिएको भित्तेपात्रोले अवकाश पाएको छ र विक्रम संवत २०८० को पात्राले नेपाली घरका भित्ताहरूमा आजदेखि पदबहाली गरेको छ। नयाँ पात्राको पदवहालीको यो दिनलाई हामी नववर्ष भन्दछौं। नयाँ वर्षको यो अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई दिदी-बहिनीहरूमा सुख, शान्ति संमृद्धि र सुस्वास्थ्यको कामना गर्दछु।

यो नयाँ वर्षमा संमृद्ध जीवनका सपना साकार पार्ने सार्थक प्रयत्न हामी सबैले गर्न सकौं। देशलाई सर्वोपरि राखी हामी र हाम्रो भन्ने साझा भावनाको विकास गर्न आजैका दिनदेखि मन, वचन र कर्मले लागिपर्न प्रतिबद्ध रहन सकौं। संविधानले निर्धारित गरेको लक्ष्य र राष्ट्रले तय गरेको गन्तव्यमा पुग्न हाम्रो दृढ निश्चय र कठोर सङ्कल्प चाहिन्छ। यसले संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र सुदृढिकरणमा थप टेवा पुऱ्याउँन सक्दछ।

समस्त देशवासीहरुका लागि नयाँ वर्षले नयाँ अवसर र सम्भावनाको क्षितिज खोल्न सकोस्, हाम्रो बीचमा रहेको सद्भाव, भातृत्व र सहिष्णुता अझ प्रगाढ र कसिलो बन्न सकोस्, स्थायी शान्ति, दिगो विकास र आर्थिक समुन्नतिको मार्ग प्रसस्त हुन सकोस् भन्दै भित्तेपात्रो फेर्ने र केही पटाका फोर्ने कर्मकान्डी परम्पराको अन्त्य गरी देश निर्माणको महायज्ञमा समर्पित रहन विक्रम संवत २०८० ले हामी सबैलाई प्रेरित गर्न सकोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

**२०८० बैशाख ०१ गते, शुक्रबार**

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर